जि.प्र.का. सप्तरी द.नं. ३१/०४८/०४९ स.नि.वि.का.द.नं. ४/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक १८६ २०८२ साल फागुन १२ गते मंगलबार (24 Feb 2026 Tuesday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : मतदाता शिक्षालाई ... ३ पृष्ठमा : पर्यावरण संरक्षण ... ३ पृष्ठमा : माओवादी विद्रोह अन्त्यको ...

## समाजसेवी दुगडको मृत्युपछि झिकियो आँखाको नानी



**दैनिक समाचारदाता**
**राजविराज, ११ फागुन ।**

राजविराज नगरपालिका वडा नं. ७ निवासी ७६ बर्षीय रुपचन्द दुगडको आँखा उनको मृत्युपछि सोमबार अस्पतालले लगेको छ ।

आईतबार राति मृत्यु भएको दुगड पहिल्यै नै आँखा दानको घोषणा गरेका थिए । राजविराजका एक प्रतिष्ठित व्यापारी तथा पूर्व खेलाडीको रुपमा चिनिएका उनको मृत्युपछि सोमबार अस्पतालले बुझि लगेको छ ।

दुगडको स्वास प्रस्वासमा समस्या भएर निधन भएपछि सिरहाको लहान स्थित चौधरी आँखा अस्पतालबाट डा.श्रवण कुमार मण्डल नेतृत्वको आएको टोली सोमवार उनकै घरमा पुगेर दुगडको मृत शरिरबाट दुबै आँखाको नानी (कोर्निया) झिकि लिएर गएको परिवारजनले जनाएको छ ।

मृत्युपछि आँखा दान गर्ने दुगडको इच्छा अनुसार आँखा दान गर्न श्रीमती गणपती देवी, छोरा पारस, प्रमोद, छोरी प्रतिक्षा, नाती लोकेन्द्र, हिमान्शु लगायत सबै परिवारजनले लिखित सहमती दिएपछि घर आँगन मै मृत शरिरबाट छोटो शल्यक्रियाको माध्यमले आँखाको नानी झिकिएको डा.मण्डलले बताएका छन् ।

उनले दुगडको शरिरबाछ झिकिएको आँखाको नानी कोर्नीया अन्तराष्ट्रिय टिस्यु वैंकको प्रक्रिया अपनाई प्रत्यारोपण, थेरापी, मेडिकल अनुसन्धान र अध्यन अध्यापनमा प्रयोग गरिने डा. मण्डलले बताए ।

नागरिक समाज सप्तरीका अध्यक्ष थानसिह भन्साली, तेरापन्थ युवक परिषदका संयोजक मनिष दुगड, तेरापन्थ सभाका अध्यक्ष प्रदिप तातेड,समाजसेवी सुभाष भन्साली लगायतले मृतक दुगडको पार्थिव शरीरलाई अन्तिम श्रद्धाञ्जली अर्पण गरेका थिए ।

एकताका कबडीका कुशल खेलाडी समेत रहेका दुगड त्यति बेलाको सगरमाथा अञ्चलको तर्फबाट विभिन्न ठाउँमा प्रतिस्पर्धामा सहभागी भई उत्कृष्ट प्रर्दशन गरेको खेलकुद पत्रकार मञ्च सप्तरीका अध्यक्ष मनोज कुमार माझीले जानकारी दिए । दुगडको सामबार नै धार्मिक परम्परा अनुसार अन्त्येष्टि गरिएको परिवारजनले जनाएको छ ।

## सप्तरीको निर्वाचन सुरक्षामा सात हजार भन्दा बढी सुरक्षाकर्मी खटाइने



**दैनिक समाचारदाता**
**राजविराज, ११ फागुन ।**

आउँदो फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको सुरक्षामा सप्तरी जिल्लामा ७ हजार भन्दा बढी सुरक्षाकर्मी परिचालन गरिने भएको छ ।

नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र निर्वाचन प्रहरी गरी कूल ७ हजार ३ सय ३५ जना सुरक्षाकर्मी परिचालन गरिने भएको हो ।

जसमध्ये नेपाली सेना बरखगणबाट ७ सयको संख्यामा परिचालन हुने राजविराज स्थित बरखगणका गणपति प्रमुख सेनानी सोवित बहादुर चन्दले जानकारी दिएका छन् ।

यस्तै नेपाल प्रहरीका १ हजार ५ सय ८८ र निर्वाचन प्रहरी ३ हजार ८ सय ३७ जना परिचालन गरिने जिल्ला प्रहरीका प्रहरी नायब उपरीक्षक डम्वर बहादुर पुरीले जानकारी दिए । निर्वाचन सुरक्षाकै लागि जिल्लामा सशस्त्र प्रहरी ८ सय २५ र निर्वाचन प्रहरी ३ सय ८५ जना परिचालन हुने सशस्त्र प्रहरी उपरीक्षक रोशन बुढाथोकीले जानकारी दिए ।

जिल्लामा निर्वाचन सुरक्षाका लागि नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र निर्वाचन प्रहरी गरी कुल ७ हजार ३ सय ३५ जना सुरक्षाकर्मी सप्तरीका परिचालन हुने भएको हो ।

सप्तरीमा स्थायी २९६, अस्थायी २ गरी २९८ मतदानस्थल रहेका छ । सुरक्षा विश्लेषणको आधारमा २०९ वटालाई अति सम्वेदनशील र ८३ सम्वेदनशील सुचीमा राखिएको र मतदाताहरुले सहज, भयरहित र निष्पक्ष मतदान सम्पन्न गराउन सोही अनुसारको सुरक्षा व्यवस्था मिलाइने जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी उपरीक्षक पुरीले बताए ।

## निर्वाचनको वातावरण बनेको छ : उपसभापति शर्मा

झापा, ११ फागुन (रासस) । नेपाली कांग्रेसका उपसभापति विश्वप्रकाश शर्माले निर्वाचनको वातावरण बन्दै गएकाले दुविधामा नपर्न आग्रह गर्नुभएको छ । नेपाल प्रेस युनियन झापाले सोमबार मेचीनगरमा आयोजना गरेको पत्रकार सम्मेलनमा उहाँले निर्वाचन सफल बनाउन निर्वाचन आयोग, सरकार, राजनीतिक दल र मिडियाको महत्त्वपूर्ण भूमिका रहनेमा जोड दिनुभयो ।

उहाँले भन्नुभयो, "निर्वाचन हुनका लागि वातावरण चाहिन्छ । अहिले वातावरण बनेको छ । निर्वाचनको विपक्षमा कोही दल थिए भने पनि अहिले उहाँहरू निर्वाचनमा सहभागी हुनुहुन्छ ।"

निर्वाचन हुनका लागि अहिले बनेको अनुकूल वातावरणलाई थप अनुकूलतातर्फ लैजाने कर्तव्य राज्यको भएको उल्लेख गर्दै उहाँले निर्वाचनको वातावरणमा असर पुऱ्याउने आचारसंहिता विपरीतका कुनै गतिविधि नगर्न राजनीतिक दललाई आग्रह गर्नुभयो ।

उपसभापति शर्माले भन्नुभयो, "विचार र व्यक्तित्वको प्रतिस्पर्धाको

***बाँकी दुई पृष्ठमा***

## राजनीतिकदलद्वारा निर्वाचन अचारसंहिता पालना गर्ने प्रतिबद्धता

इनरुवा, ११ फागुन (रासस) । अगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचका लागि जारी भएको अचारसंहिता पूर्ण रुपमा कार्यान्वन गर्नेमा सुनसरीका राजनीतिकदलले प्रतिबद्धता व्यक्त गरेका छन् ।

जिल्ला प्रशासन कार्यालय सुनसरीमा आइतबार सम्पन्न भएको सर्वदलीय बैठकमा प्रतिनिधिसभा निर्वाचनका लागि जारी भएको निर्वाचन अचारसिंहता पूर्ण रुपमापालना गर्ने विभिन्न राजनीतिकदलले सहमति जनाएका छन् ।

निर्वाचन शान्तिपूर्ण, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्नका लागि चुनावमा होमिएका राजनीतिकदलले आ-आफ्नो ठाउँबाट जिम्मेवारी निर्वाह गर्ने, फागुन १२ गतेभित्र निर्वाचन अचारसंहिता विपरीत प्रचार, ब्यानर हटाउने,

***बाँकी तीन पृष्ठमा***

## रौतहटको गौरमा सद्भाव ऱ्याली

चन्द्रपुर, ११ फागुन (रासस) । रौतहटको गौरमा सोमबार बिहान सद्भाव ऱ्याली निकालिएको छ । सामाजिक सद्भाव बिथोल्ने गरी भएको झडप र तोडफोडको घटनापछि रौतहटको सदरमुकाम गौरमा आज सद्भाव ऱ्याली निकालिएको हो ।

जिल्ला प्रशासन कार्यालय रौतहटले आज बिहान ६:३० बजेदेखि कर्फ्यू आदेश हटाएको जनाएको छ ।

कर्फ्यू हटेसँगै स्थानीयवासीको दैनिकी क्रमशः सामान्य बन्दै गएको छ । बजार, यातायात तथा शैक्षिक संस्था सञ्चालनतर्फ उन्मुख भएका छन् । सामाजिक सद्भाव कायम राख्ने उद्देश्यले ऱ्याली निकालिएको हो । गौर नगरपालिका-६ स्थित सवाढाहाबाट सुरु भएको ऱ्यालीले नगरका सपगढा गाउँका विभिन्न भागको परिक्रमा गरेको थियो ।

ऱ्यालीमा हिन्दू तथा मुस्लिम समुदायका अगुवा, जनप्रतिनिधि

***बाँकी दुई पृष्ठमा***

**शिक्षासम्बन्धी संवैधानिक हक**

❖ प्रत्येक नागरिकलाई राज्यबाट आधारभुत शिक्षामा पहुँच हुनेछ ।
❖ प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यामिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ ।
❖ अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानून बमोजिम निशुल्क उच्च शिक्षा पाउने हक हुनेछ ।
❖ ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइसम्बन्धी अपांगता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानून बमोजिम निशुल्क शिक्षा पाउने हक हुनेछ ।
❖ प्रत्येक समुदायलाई कानुनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ ।

शिक्षासम्बन्धी हकको उपयोग गरौं ।
निःशुल्क, अनिवार्य, समान पहुँचयुक्त र समावेशी शिक्षा सुनिश्चित गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## कांग्रेस महामन्त्री पौडेलद्वारा १४ बुँदे प्रतिज्ञापत्र सार्वजनिक

काठमाडौँ, ११ फागुन (रासस)। नेपाली कांग्रेसका महामन्त्री एवम् काठमाडौँ क्षेत्र नं ५ का प्रतिनिधिसभा सदस्य उम्मेदवार प्रदीप पौडेलले आफ्नो चुनावी क्षेत्रका लागि प्रतिज्ञा पत्र सार्वजनिक गर्नुभएको छ।

महामन्त्री पौडेलले सोमबार काठमाडौँ-५ को विकास र नीतिगत परिवर्तनका लागि आफ्ना प्रतिबद्धता सार्वजनिक गर्नुभएको हो। उहाँले आफू यसअघि काठमाडौँ क्षेत्र नं ५ बाट सांसदका रूपमा विजयी हुँदा गरेको प्रतिबद्धता पूरा गर्न सांसद तथा स्वास्थ्य तथा जनसङ्ख्यामन्त्रीका रूपमा इमानदारीपूर्वक प्रयास गरेको बताउनुभयो।

चक्रपथको दोस्रो खण्ड निरन्तरताका लागि दिएको दबाबले काम गरेको, सामाखुसी टोखा सडक, विष्णुमती करिडोर, साङ्लेखोला करिडोरलगायत रणनीतिक काम अघि बढेको उहाँले बताउनुभयो।

महामन्त्री पौडेलले क्षेत्रभित्रका सार्वजनिक विद्यालयलाई स्मार्ट स्कुल बनाउने तथा विद्यालयमा स्थानीय मातृभाषा नेवारी, तामाङ तथा मौलिक सीप र ज्ञानलाई शिक्षण सिकाइमा समावेश गर्न पाठ्यक्रम निर्माणका लागि स्थानीय तहसँग सहकार्य गरेको बताउनुभयो।

उहाँले सबैलाई स्वास्थ्य बीमामा आबद्धता सुनिश्चित गर्दै यसलाई नागरिकको योगदानमा आधारित राष्ट्रिय गौरवको कार्यक्रम बनाइने र सुविधाको दायरा वृद्धि गर्न आवश्यक नीति निर्माण तथा कार्यान्वयनमा पहल गर्ने बताउनुभयो।

महामन्त्री पौडेलले क्षेत्र नं ५ लाई मेडिकल हबका रूपमा विकास गर्दै क्षेत्रभित्रका त्रिवि शिक्षण अस्पताल, शहीद गङ्गालाल राष्ट्रिय हृदय केन्द्र, कान्ति बाल अस्पताल तथा नेपाल प्रहरीजस्ता केन्द्रीय अस्पतालहरूको क्षमता थप विस्तार गर्ने प्रतिबद्धता जनाउनुभयो।

उहाँले आफ्नो प्रतिज्ञा पत्रमार्फत सङ्घीय संसद्मार्फत व्यवसायमैत्री कानुन निर्माणका लागि विशेष पहल गर्ने भन्दै झन्झटिलो व्यवसाय दर्ता तथा बन्द प्रक्रियाको अन्त्य गर्न नीति बनाउन सहजीकरण गर्ने उल्लेख गर्नुभयो।

"युवा जनशक्तिलाई विश्व प्रविधि बजारसँग प्रतिस्पर्धा गर्न एआई, 'डिजिटल मार्केटिङ'जस्ता विषयमा उच्चस्तरीय शैक्षिक तालिमको प्रबन्ध गर्दै क्षेत्रलाई 'डिजिटल इनोभेसन हब'का रूपमा आवश्यक नीति र पूर्वाधार तयार गरिनेछ," उहाँले भन्नुभयो।

प्रतिज्ञा पत्रमा भूमिविहीनहरूको पहिचान गरी लालपुर्जा वितरणको कार्यलाई गति दिनेलगायत विषय समेटिएको छ। उहाँले काठमाडौँ-५ अन्तर्गत पर्ने हाँडीगाउँ, मालिगाउँ, पञ्चकुमारी, भाटभटेनी, टुँडाल, धुम्बाराही, अजिमालगायत ऐतिहासिक क्षेत्रलाई खुला सङ्ग्रहालय तथा पर्यटकीय गन्तव्यका रूपमा विकास गर्दै भ्याली सिटी टुरमा समावेश गर्ने बताउनुभयो।

टोखाको बिस्का नखः, पाँहाचह्रे तथा हाँडीगाउँको चोखःते नारायणजात्रा जस्ता सांस्कृतिक परम्पराको 'ब्रान्डिङ' गर्दै पर्यटकीय लाभ लिन पहल गर्ने प्रतिबद्धता पत्रमा उल्लेख छ। यस्तै, टुकुचा, धोबिखोला, सामाखुसी र साङ्ला खोलाजस्ता ढल समस्याको समाधानका लागि उचित व्यवस्थापन गर्दै सहरी क्षेत्रमा डुबान समस्या समाधानका लागि 'स्ट्रोमा वाटर ड्रेनेज'को व्यवस्था गर्ने प्रतिज्ञा पत्रमा उल्लेख छ।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# मतदाता शिक्षालाई कसरी प्रभावकारी बनाउने ?

**हरिविनोद अधिकारी**

काठमाडौँ, ११ फागुन (रासस)।

प्रजातन्त्र या लोकतन्त्रमा जनताले छानेका व्यक्तिहरूले मात्र जनतामाथि शासन गर्न पाउँछन् या आधिकारिकरूपमा सेवा गर्न पाउँछन् भन्ने मान्यता छ। यो नयाँ नभएर धेरै पहिलेदेखिको मान्यता हो र आज पनि त्यो मान्यताका आधारमा जनताका प्रतिनिधि चयन गर्ने अथवा छान्ने प्रक्रियालाई निर्वाचन भनिन्छ। निर्वाचनका लागि मतदान गरिन्छ र मतदान प्रत्यक्षरूपमा या अप्रत्यक्षरूपमा गर्न सकिन्छ।

सामान्यतया केही शताब्दीदेखि मतदान गोप्यरूपमा गरिन्छ र आफ्ना देशका निर्वाचनसम्बन्धी ऐन नियमअनुसार निर्वाचित हुने तरिकाका आधारमा जय पराजय घोषणा गरिन्छ। खासगरी प्रत्यक्षरूपमा जनताले दिएको मतले जित्ने चलनलाई बढी मत ल्याउनेले जित्ने भनिन्छ र यसरी मतदिने व्यक्ति या नागरिकलाई मतदाता भनिन्छ, मतदाताले मत दिने साधनलाई मतपत्र भनिन्छ र त्यसरी मत दिनका लागि जुन ठाउँको चयन गरिन्छ, त्यस ठाउँलाई मतदान केन्द्र भनिन्छ। यसमा कस्ता नागरिकले मत दिन पाउने भन्ने कुरा सम्बन्धित लोकतन्त्रका लागि तयार गरिएको निर्वाचनसम्बन्धी ऐन, नियम, विनियमले तय गरिन्छ।

नेपालको संविधानले मतदातालाई प्रजातन्त्रको आत्मासरह मानेको छ र १८ वर्ष पुगेको नेपाली नागरिकले आफ्नो नाम तोकेको अवधिमा मतदाताको रूपमा लेखाएर मतदान सुरक्षित गर्नुपर्छ। अहिलेको प्रसङ्ग हो समयावधि पहिले नै अन्तरिम सरकारले अचानक घोषित गरेको आम निर्वाचन २०८२, जुन यही फागुन २१ गते हुन लागेको छ। सरकारले निर्वाचनको सम्पूर्ण तयारी भइसकेको जनाएको छ। करिब १ करोड ८९ लाखभन्दा बढी मतदाता रहेको यस निर्वाचनमा करिब नौ लाख मतदाता नयाँ दर्ता भएका छन्। ती मतदाता सबै निकट समयमा हुनलागेको आम निर्वाचनका लागि तयार भइसकेका छन् र युवाहरूमा नयाँ निर्वाचनमा ठूलो अपेक्षा पनि देखिएको छ।

अहिले फागुन ४ गतेदेखि १७ गतेसम्म निर्वाचन आयोगले सम्पूर्ण पालिकाहरूका वडाहरूमा मतदाता शिक्षा यसरी सुरु गरेको छ कि यसपटकको निर्वाचनमा बदर मत अत्यन्तै नगण्य होस् या हुँदै नहोस् भन्ने लक्ष्य राखिएको छ। यसका लागि आयोग आफैँले मतदान विज्ञहरूको स्वयंसेवक टोली तयार गरेर घरघरमा पठाएको देखिन्छ। त्यसो त करिब दुई करोड मतदाता जनसङ्ख्यामा सबैतिर पुग्न गाह्रो त होला तर पनि भएको सुरुवातलाई सकारात्मक मान्नुपर्छ किनभने यो निर्वाचन अचानक हुन लागेको हो र पनि निर्वाचनको तयारी राम्रोसँग भएको पाइन्छ। जनतामा यो निर्वाचनबाट मुलुकको नयाँ भविष्यप्रति अपेक्षा धेरै राखेको पनि पाइन्छ। खासमा सुशासन, भ्रष्टाचारमुक्त समाज, निष्पक्ष निजामती प्रशासन तथा सन्तुलित विकासको धारणा नै अहिलेको निर्वाचनले चुनेका सांसदहरूबाट आशा गर्न सकिन्छ। नीति नै ठूलो कुरा हो र राजनीति शुद्ध भए सबै कुराको नीति सङ्लिन्छ भन्ने मान्यता छ।

त्यसैले लोकतान्त्रिक निर्वाचनमा मतदाता शिक्षा अत्यन्त आवश्यक हुन्छ। किनभने यसले मतदातालाई आफ्नो अधिकार, कर्तव्य र मतदान प्रक्रियाबारे सही जानकारी दिन्छ। शिक्षित मतदाताले उम्मेदवारको योग्यता, नीति र कार्यक्रमका आधारमा सोचेर मत दिन सक्छन्, जसले योग्य नेतृत्व चयन गर्न मद्दत गर्छ। यथोचित मतदाता शिक्षा नभएमा झुठा प्रचार, लोभ-लालच, जातीय वा क्षेत्रीय प्रभावमा परेर गलत निर्णय हुन सक्छ भन्ने मान्यता छ। यसले मत बदर हुने सम्भावना पनि घटाउँछ र सबै नागरिकलाई निर्भय र स्वतन्त्र रूपमा मतदान गर्न प्रेरित गर्छ। त्यसैले मतदाता शिक्षा लोकतन्त्रलाई बलियो, पारदर्शी र प्रभावकारी बनाउन आवश्यक हुन्छ।

**मतदाता शिक्षामा ध्यान दिनुपर्ने कुराहरू**

मतदातालाई मतदान सम्बन्धी शिक्षा दिँदा मतदानको अधिकार र कर्तव्यबारे जानकारी दिनुपर्दछ। यसका लागि पनि मतदाता शिक्षा आवश्यक परेको हो जसले मतदान गर्ने र यसको महत्व के हो भन्ने स्पष्ट गराउँछ। मतदान गर्ने तरिका सिकाउनु जरुरी हुन्छ किनभने विभिन्न तरिकाका मतपत्र कसरी सही तरिकाले प्रयोग गर्न सिकाउने जसले गर्दा मत बदर नहोस्। त्यसैगरी उम्मेदवार छनोटको आधार जस्तो कि जात, धर्म, पैसा वा लोभमा नभई योग्यता, नीति र कार्यक्रम हेरेर मतदान गर्न प्रेरित गर्ने शिक्षा प्रदान गर्नुपर्दछ।

निर्भय र स्वतन्त्र मतदानका लागि कसैको दबाब, धम्की वा प्रलोभनबाट टाढा रहन सिकाउनुपर्दछ। निर्वाचन आचारसंहिताका बारेमा कुरा गर्दा निर्वाचनमा मतदाताहरूका लागि पनि आचार संहिता तयार गरिएको हुन्छ। त्यसो त मतदाताले उम्मेदवारहरूका बारेमा पनि आचार संहिता थाहा पाउनु जरुरी हुन्छ जसले गर्दा निर्वाचन या चुनावका नियम र कानुनी व्यवस्थाबारे जानकारी होस्।

मतदातामा निर्वाचनसम्बन्धी सही सूचना र गलत प्रचार छुट्याउने क्षमता वृद्धि गरी अफवाह र भ्रामक समाचारबाट सचेत गराउने किसिमको ज्ञान पनि मतदाता शिक्षामा नै पर्दछ। गलत सूचना, मिथ्या सूचना, भ्रामक सूचनाबाट मतदातालाई सचेत गराउन पनि मतदाता शिक्षाको महत्वपूर्ण भूमिका हुन्छ। समावेशी सहभागिताको मान्यता बमोजिम ज्येष्ठ नागरिक पुरुष या महिला, अपांगता भएका व्यक्ति, युवा, प्रौढ, अक्षर नचिन्ने दुर्गम क्षेत्रका नागरिक सबैलाई पहुँच हुने गरी शिक्षा दिनुपर्दछ। अक्षर चिन्न गाह्रो हुने भएकाले निर्वाचनमा चिन्हको प्रयोग गरिएको हो भनेर मतदाता शिक्षामा स्पष्ट हुनुपर्दछ।

आफ्नो नाम मतदाता सूचीमा छ कि छैन भन्नेबारे सचेत गराउनका लागि मतदाता नामावली जाँच पनि मतदाता शिक्षामा आवश्यक पर्दछ। अहिले हातमा भएको मोबाइलबाट पनि सम्बन्धित तर सम्भावित मतदाताको नाम हेर्न मिल्ने र उसको मतदाता क्रमसङ्ख्या समेत दिन मिल्ने भएकाले मतदान स्थल, मतदान समय, आफूलाई मनमर्ने दल या व्यक्तिको चिन्हसमेत भएको नमुना मतपत्र देखाएर मत दिनका लागि उत्प्रेरित गर्ने गर्नुपर्दछ।

सही तरिकाले मतदान गर्न र नक्कली मतदान घटाउने उपायहरू पनि मतदाता शिक्षामा नै अवलम्बन गरिनु पर्छ जसले गर्दा जसले मत दिन पाउने हो उसले मात्र मतको सदुपयोग गरुन् र जसले पाउनै पर्ने हो उसले मात्र मत पाओस् भन्ने कुरामा मतदाता शिक्षामा ध्यान दिनैपर्छ। जस्तो कि मतदाता परिचयपत्र अनिवार्य गर्ने या सही मतदाताले मात्र मतदान गरोस् भन्ने कुरामा सचेत गराउने, जैविक पहिचान (फोटो, औंठाछाप आदि) प्रयोग गर्ने, मतदाता नामावली अद्यावधिक र शुद्ध राख्ने, मतदान केन्द्रमा कडा सुरक्षा व्यवस्था गर्ने, मतदान अधिकृत र स्वयंसेवकलाई राम्रो तालिम दिने, नक्कली मतदान गरे कानुनी कारबाही हुने चेतना फैलाउने, मतदातालाई आफ्नो मत आफैँ हाल्नुपर्नेबारे सचेत गराउने, प्रविधिको प्रयोग बढाउने र मतदाताले आफूले मात्र होइन अरुले पनि गलत काम नगरोस् भन्ने कुरामा सचेत रहनका लागि मतदाता शिक्षामा सिकाउनु पर्छ।

यसरी सही मतदाता शिक्षा र सही व्यवस्थापनबाट निष्पक्ष र विश्वसनीय निर्वाचन सम्भव हुन्छ। मतदाता शिक्षाको अर्थ हो मतदान गर्नु नागरिक अधिकार र कर्तव्य दुवै हो भन्ने सम्झाउनु। मतदानले गर्ने निर्णयले मुलुकको भाग्य बदल्न सकिन्छ। असल जनप्रतिनिधिले मात्र जनताको मतको कदर गर्नसक्छ किनभने उसले मात्र जनताको भावनाको कदर गरेर जनमतको सम्मान गर्नसक्छ। प्रजातन्त्रमा त्यस्तो मतदाताले मात्र प्रजातन्त्रको मर्म बुझेको ठहरिन्छ।

असल उम्मेदवार भनेको समूहगत रूपमा या व्यक्तिगत मान्यताका आधारमा पनि छुट्याउन सकिन्छ। प्रजातन्त्रमा समूहगत मान्यतालाई मतदाताले मान्यता दिने भएकाले वहुलवादी व्यवस्थामा मात्र प्रजातन्त्र फस्टाउँछ भन्ने मान्यता संसारभरि छ। त्यसैले मतदान गर्दा बदर मत घटाउनका लागि केही उपायहरू अपनाउन सकिन्छ।

**बदर मत घटाउन अवलम्बन गर्न सकिने उपायहरू**

बदर मतको सङ्ख्या घटाउनका लागि मतदान गर्ने तरिकाबारे स्पष्ट शिक्षा दिने र मतपत्रमा कहाँ र कसरी छाप लगाउने भन्ने कुरा पहिले नै अभ्यास गराउने गर्न सकिन्छ। नमुना मतपत्रको प्रयोग गरेर मतदान केन्द्र बाहिर नमुना मतपत्र राखेर सही तरिका देखाउने गर्न सकिन्छ।

त्यसैगरी स्पष्ट र सजिलो मतपत्र डिजाइनमा चिन्ह, नाम र कोठा प्रष्ट देखिने बनाउने, मतदान अधिकृतबाट आवश्यक निर्देशन दिने, मतदान अघि सामान्य जानकारी दिने (तर कसलाई मत दिने भनेर नभन्ने) र हस्ताक्षर गरेरमात्र मतपत्र उपलब्ध गराउने, मतदातालाई पर्याप्त समय दिने र हतारमा मत हाल्दा गल्ती हुने भएकाले आरामसँग मतदान गर्ने वातावरण बनाउने काम गर्न सकिन्छ।

त्यस्तै शिक्षा तथा सचेतना कार्यक्रम अन्तर्गत रेडियो, टिभी, सामाजिक सञ्जाल, विद्यालय आदि मार्फत सही मतदान विधि सिकाउने, अशिक्षित, वृद्ध तथा अपाङ्गता भएका मतदातालाई सहयोग गर्ने र कानुन अनुसार गोपनीयता कायम राख्दै सहयोग गर्ने व्यवस्था मिलाउने जसका लागि मतदान केन्द्रमा रहेका स्वयंसेवक तथा परिवारका सदस्यहरूलाई मतको सदुपयोग गर्न सचेत गराउँदै विश्वास गर्ने गर्न सकिन्छ।

यसका साथै एक मतपत्रमा एक मात्र चिन्ह लगाउनुपर्छ भन्ने जानकारी दिने र धेरै ठाउँमा छाप लगाए बदर हुन्छ भन्ने कुरा स्पष्टसँग बुझाउने, यी उपायहरूले मतदाताका गल्तीहरूमा कमी आई बदर मत घट्छ र निर्वाचन परिणाम अझ सही र प्रभावकारी हुन्छ।

मतदाता शिक्षा दिने स्वयंसेवक निष्पक्ष र उत्तरदायी व्यक्ति हुनु अनिवार्य छ। खासगरी सहर या गाउँ जहाँ भएपनि मतदाताले कसलाई मत दिने हो भन्ने बुझ्न खोज्छन्, त्यस्ता मतदाताहरूलाई स्पष्टरूपमा मतदाता शिक्षा प्रदान गर्ने नागरिक समाजका व्यक्ति हुन् या स्वयंसेवकहरू हुन्, तिनले सही सल्लाह दिनुपर्छ। तर दलीय कार्यकर्ताहरूले दिने मतदाता शिक्षामा भने आफ्नो दलको चिन्हमा मत दिन आग्रहसाथ शिक्षा दिएका पनि हुन सक्छन्। हुनत त्यसलाई पनि सचेतनाको तरिकाले बुझ्नुपर्छ र सकेसम्म मतदातालाई पक्ष या विपक्षमा भन्दा सही व्यक्ति छान्ने प्रक्रियाका बारेमा जानकारी दिनु नै मतदाता शिक्षाको प्रभावकारी उपादेयता हुनेछ।

### रौतहटको...

तथा सुरक्षा निकायका प्रमुखहरूको सक्रिय सहभागिता रहेको थियो। सहभागीले आपसी सद्भाव, सहिष्णुता र सामाजिक एकता कायम राख्न आग्रह गरेका थिए। सद्भाव र्यालिमा रौतहटका प्रमुख जिल्ला अधिकारी दिनेश सागर भुसालले सबै पक्षलाई संयमित र जिम्मेवार व्यवहार गर्न र शान्ति सुरक्षा कायम गर्न सहयोग सहयोग गर्न आग्रह गर्नुभयो। प्रशासनले कुनै पनि प्रकारका अफवाह र उत्तेजनात्मक गतिविधिमा संलग्न नहुन पनि सर्वसाधारणलाई सचेत गराएको छ। कर्फ्यू हटाइएपछि गौर क्षेत्रको अवस्था क्रमशः सामान्य बन्दै गएको जिल्ला प्रशासन कार्यालय रौतहटले जनाएको छ।

### निर्वाचनको...

महायज्ञ हो। तसर्थ फागुन २१ कै मितिमा निर्वाचन सम्पन्न गराउन जरुरी छ।" पत्रकारले राखेका विभिन्न जिज्ञासाको उत्तर दिने क्रममा उहाँले अहिलेको चुनावमा कुन दलले जित्ने र कुनले हार्ने भन्ने भन्दा जेनजी पुस्ताको विद्रोहपछिको विषम परिस्थितिलाई कसले देशलाई सम्हाल्ने भन्ने सवाल महत्त्वपूर्ण भएको बताउनुभयो।

# पर्यावरण संरक्षण र सुरक्षामा नेपाली सेना

**संगीता राई/रासस**

धरान (सुनसरी), ११ फागुन। नेपाली सेनाले केवल सुरक्षा र शान्ति कायम राख्न मात्र नभई प्रकृति संरक्षणमा पनि महत्वपूर्ण भूमिका विस्तार गर्दै आएको छ। वन, जलस्रोत र जैविक विविधताको संरक्षणदेखि प्राकृतिक विपद्का बेला उद्धार कार्यसम्म, सेनाका विभिन्न अभियानले वातावरणीय सन्तुलन कायम राख्न महत्वपूर्ण योगदान पुर्‍याइरहेको छ।

नेपाली सेनाले सुरक्षा मात्र नभई चुरे क्षेत्रको संरक्षण, प्राकृतिक स्रोतहरूको दिगो व्यवस्थापन, जलवायु परिवर्तन तथा प्राकृतिक प्रकोपबाट हुनसक्ने क्षति न्यूनीकरणमा पनि महत्वपूर्ण योगदान पुर्‍याउँदै आएको छ।

राष्ट्रिय सम्पदाको संरक्षण र प्रवर्द्धनका लागि नेपाल सरकारले २०६९ माघ ४ गते नीतिगत निर्णय गरी वन तथा पर्यावरण सुरक्षा निर्देशनालय स्थापना गरेको थियो।

निर्देशनालयको संरचनामा वन तथा पर्यावरण सुरक्षा गण नं.१ र नं.२ रहेका छन्। दुवै गणले देशभर ३७ जिल्लामा चुरे संरक्षण अभियानमा सक्रिय रूपमा सहभागी हुँदै आएको सेनाले जनाएको छ। श्री नं.१ गण, रानीवास ब्यारेक, सिन्धुली जिल्लामा तैनाथ रहँदै नारायणी नदी पूर्वतर्फका १५ जिल्लामा चुरे संरक्षण र संवर्द्धनको जिम्मेवारी निरन्तर रूपमा सम्पादन गर्दै आएको छभने श्री नं २ गण २०७१ वैशाख १ गतेदेखि नवलपरासी बर्दघाट सुस्त पूर्व जिल्लाको कावासोतीस्थित हात्तीखोरमा तैनाथ रहँदै नारायणी नदी पश्चिमतर्फका २२ जिल्लामा चुरे शृङ्खलाको संरक्षण र संवर्द्धन कार्य सञ्चालन गर्दै आएको सैनिक प्रवक्ता सहायक रथी राजाराम बस्नेतले बताउनुभयो।

चुरे क्षेत्रका प्राकृतिक स्रोतहरूको संरक्षण र सदुपयोग गर्दै सम्भावित क्षयीकरण न्यूनीकरण गर्ने र स्थानीय जनताको जीवनस्तर सुधार गरी गरिबी तथा असमानता घटाउन सहयोग पुर्‍याउने उद्देश्यले २०६६/६७ सालदेखि राष्ट्रपति चुरे संरक्षण कार्यक्रम सुरु भएको थियो। चुरे क्षेत्रलाई संरक्षण क्षेत्र घोषणा गरी तराई-मधेश क्षेत्रका १६४ नदी प्रणाली र तिनका जलाधार क्षेत्रहरूको व्यवस्थापनका लागि नेपाल सरकारले २०७१ असार २ गते राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति गठन गरेको थियो। आव २०७१/७२ देखि यो कार्यक्रम राष्ट्रिय गौरवको आयोजनाका रूपमा सञ्चालन हुँदै आएको सेनाले जनाएको छ।

राष्ट्रिय पुँजी र अर्थतन्त्रको विकास गर्न साथै प्रकृतिको संरक्षण र संवर्द्धनसहित पर्यटन उद्योग एक महत्वपूर्ण क्षेत्रका रूपमा लिइन्छ समग्र चुरे क्षेत्रलाई वातावरण संरक्षण क्षेत्र घोषणा गरी, नेपाल सरकार, राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति, नेपाली सेना र अन्य सरोकारवालाहरूसँग समन्वयमा प्रत्येक वर्ष असार २ गते चुरे दिवस बृहत् वृक्षरोपण तथा विशेष कार्यक्रमका साथ मनाउने गरिए पनि प्रवक्ता बस्नेतले जानकारी दिनुभयो।

पर्यावरण संरक्षण र सुरक्षामा नेपाली सेनाको इतिहास भूमिका निकै लामो र समृद्ध छ। विगतका दशकदेखि सेनाले जङ्गल, नदी, जलाशय, जैविक विविधता र प्राकृतिक स्रोतहरूको संरक्षणमा सक्रियता भूमिका खेल्दै आएको छ। वृक्षरोपण, तटबन्ध निर्माण, ताल-तलैया संरक्षण, प्राकृतिक विपद् व्यवस्थापन र समुदायसँगको सहकार्यमार्फत सेनाले वातावरणीय सन्तुलन कायम गर्न महत्वपूर्ण काम गर्दै आएको सेनाले जनाएको छ।

विगतदेखि नै चुरे तराई-मधेश क्षेत्रमा विभिन्न कार्यक्रम सञ्चालन हुँदै आएका छन्। आर्थिक वर्ष २०७२/७३ देखि २०८१/८२ सम्म सम्पन्नको तथ्याङ्क हेर्दा सेनाले महत्वपूर्ण कार्यहरू सम्पन्न गरेको छभने तारबारसहितका सिराहा, सप्तरी, सिन्धुली, नवलपरासी र दाङ जिल्लामा एक हजार ६८२.२२ हेक्टर जमिनमा वृक्षरोपण भएको छभने ४८ हजार ९०४ मिटर तारबार निर्माण सम्पन्न गरेको छ।

सेनाले ताल तलैयाहरूको संरक्षण गरिरहेको छ। सुनसरी, सर्लाही, रौतहट, सिराहा, रुपन्देही, बर्दिया, कैलाली, चितवन, नवलपरासी, सप्तरीलगायत २२ जिल्लामा तालतलैयाको संरक्षण, संवर्द्धन र पुनर्निर्माण गरेको छ।

सिराहा, सप्तरी, सिन्धुली, उदयपुर, नवलपरासी, दाङ र सुनसरी जिल्लामा एक हजार १४४ मिटर तटबन्ध निर्माण गरी स्थानीय बस्ती तथा कृषि क्षेत्र संरक्षणमा महत्वपूर्ण योगदान दिइरहेको छ। वृक्षरोपण कार्यलाई प्रभावकारी बनाउन लागि गणहरूमा 'सेड हाउस' स्थापना गरी आवश्यकतानुसार बिरुवा उत्पादन गर्दै आइरहेको सैनिक प्रवक्ता बस्नेतले जानकारी दिनुभयो।

नेपाली सेनाले संरक्षणअन्तर्गत तयार पारेका संरक्षित क्षेत्रहरू स्थानीय सामुदायिक वन समितिलाई हस्तान्तरण गर्दै आएको छ। २०७२ साल असार ३० गते सप्तरी जिल्ला, खडक नगरपालिका-४ अमाहा क्षेत्रमा श्री नं १ वन तथा वातावरण सुरक्षा गणबाट ५०१.९५ हेक्टर जमिनमा पाँच लाख १५ हजार ९४१ बिरुवा रोपियो भने चार हजार १३० मिटर तारबार र १३६ मिटर तटबन्ध निर्माण गरी २०८० चैत २१ गते सम्बन्धित सामुदायिक तथा वन समितिलाई हस्तान्तरण गरिएको सेनाले जनाएको छ।

त्यसैगरी, दाङ तुलसीपुर उपमहानगरपालिका-१३ अम्बापुरमा श्री नं २ गणले १७९.६ हेक्टर जमिनमा दुई लाख ८५ हजार ४२० बिरुवा रोपण र १७ हजार १५५ मिटर तारबार निर्माण गरी २०८२ कात्तिक ११ हस्तान्तरण गरियो। सिराहा मिर्चैया नगरपालिका-६ स्थित सत्ताचौरीमा श्री नं १ गणबाट तैनाथ सेनाले ३१३ हेक्टर जमिनमा चार लाख ५५ हजार ४०० बिरुवा रोपण, १२ हजार ४६० मिटर तारबार र १७५.३५ मिटर तटबन्ध निर्माण गरी २०८२ मङ्सिर ११ गते सामुदायिक वन समितिलाई हस्तान्तरण गरेको सेनाले जनाएको छ। सेनाको चुरे संरक्षणमा दिगो योगदान मात्र नभई स्थानीय समुदायको जीवनस्तर सुधार र वातावरणीय सन्तुलन कायम राख्न पनि महत्वपूर्ण भूमिका निर्वाह रहेको छ।

### सहकार्य र समन्वयमा नेपाली सेना

नेपाल सरकारले २०७१ असार २ गते राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति गठन गरेपछि समितिका कार्यक्रम कार्यान्वयन इकाइहरू सलकपुर (मोरङ), जनकपुर, भरतपुर, बुटवल र कैलालीलगायत स्थानीय निकाय, क्षेत्रीय जिल्ला वन कार्यालय तथा स्थानीय सामुदायिक वनहरूसँग सहकार्य र समन्वय गर्दै पर्यावरण संरक्षणका कार्यहरू सञ्चालन हुँदै आएका छन्।

सेना प्रवक्ता सहायक रथी बस्नेतका अनुसार कार्यक्रमका माध्यमबाट चुरे क्षेत्रका राष्ट्रिय वन, जङ्गल, प्राकृतिक वनस्पति, जीवजन्तु, जैविक विविधता, जलाधार क्षेत्र, रामसार र सिमसार क्षेत्रहरूको संरक्षण, संवर्द्धन र सुरक्षा गर्दै जलवायु परिवर्तनबाट उत्पन्न जोखिम न्यूनीकरणमा महत्वपूर्ण सहयोग पुगेको छ। क्षतिग्रस्त जमिनहरूमा वृक्षरोपण, ताल-तलैया संरक्षण र पुनर्निर्माण, पानीका स्रोतहरूको वृद्धि, जङ्गली जनावरहरूको आवासस्थल सुधार र आन्तरिक पर्यटनको प्रवर्द्धनले स्थानीय समुदायको आयआर्जनमा पनि टेवा पुगेको छ।

वन तथा पर्यावरण संरक्षण कार्यमा तैनाथ सेनाले नियमित पेट्रोलिङ, निगरानी र सुरक्षा कार्य गर्दै वन अतिक्रमण तथा चोरी-निकासी नियन्त्रणमा योगदान दिएको छ। वार्षिक रूपमा सञ्चालन हुने चुरे संरक्षण दिवसका अवसरमा राष्ट्रपतिबाट वृक्षरोपण कार्यक्रम सञ्चालन हुँदा राष्ट्रियस्तरमा यस कार्यक्रमको महत्व झन् बढेको छ।

राष्ट्रपति चुरे-तराई मधेश संरक्षण समितिसँगको सहकार्यमा नेपाली सेनाले सप्तरी, खडक नगरपालिका अमाहा क्षेत्रका सामुदायिक वनहरू (राजाजी, सिंहस्रा, गोबराहा, खुदिमाथी र बोची) मा विभिन्न प्रजातिका पाँच लाख ४२ हजार ८९१ बिरुवा वृक्षरोपण गरी स्थानीय समुदायलाई हस्तान्तरण गरेको सेनाले जनाएको छ।

त्यसैगरी, सिरहा, मिर्चैया नगरपालिका-६ स्थित सामुदायिक वनहरू बजरङ्गबली, मण्ठादेवी, रामनगर खोरिया र जिवा ठाकुरमा चार लाख आठ हजार ९०० बिरुवा वृक्षरोपण र हस्तान्तरण गरेको छ। सिरहा, धनगढीमाई नगरपालिका-१२ र १३ मा वृक्षरोपण, तारबार र तटबन्ध निर्माण, सिन्धुली कमलामाई नगरपालिका झुँगा र गोगनपानीमा तारबार र वृक्षरोपण सप्तरीको सुरुङ्गा मछ्याही ताल पुनर्निर्माण, प्रकृति र वातावरण संरक्षण कार्यमा सक्रिय योगदान दिँदै आएको छ।

यसैगरी, दाङ, नवलपरासी (बर्दघाट सुस्ता पूर्व र पश्चिम) का ५८.९२ हेक्टर जमिनमा ९४ हजार २७२ बिरुवा रोपण र तीन हजार ३७ मिटर तारबार निर्माण गरेको छ। २०८२ असार २ गते नवलपरासी, कावासोती-३ मा २८ बिगाहास्थित ज्योतिकुञ्ज सामुदायिक वनमा छ हेक्टर खाली जमिनमा राष्ट्रपति रामचन्द्र पौडेलको प्रमुख आतिथ्यतामा बृहत् वृक्षरोपण गरिएको सेनाले जनाएको छ।

सेनाले चुरे संरक्षण, पर्यावरणीय सन्तुलन कायम राख्न, स्थानीय समुदायको जीवनस्तर सुधार्न र जलवायु परिवर्तन तथा प्राकृतिक जोखिम न्यूनीकरणमा दिगो योगदान पुर्‍याउँदै आएको छ।

नेपाली सेनाले चुरे संरक्षण र सामुदायिक वन व्यवस्थापनमा योगदान पुर्‍याउन आफ्नो नर्सरी युनिटमार्फत बिरुवा उत्पादन गर्दै आएको छ। युनिटमा बीउ-बिजन सङ्कलन गरी विभिन्न प्रजातिका खयर, बकाइनो, सित्तलचिनी, शिरिष, अस्ट्रेलियन बबुल, साल, कपुर, बेल, रक्त चन्दन, जामुन, राजवृक्ष, कागती, अशोका, हर्रो, बर्रो, सिमल, तेजपत्ता, पारिजात, बयर, कटहरलगायतका बिरुवा हुर्काउने कार्य भइरहेको छ।

'चुरेको माटो चुरेलाई, सफा पानी सबैलाई' भन्ने नारासहित नेपाली सेनाले राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिको गुरुयोजनाअन्तर्गत चुरे संरक्षणमा निरन्तर योगदान दिँदै आएको छ। सेनाले वन तथा पर्यावरण क्षेत्र संरक्षणमा निर्वाह गरेको भूमिकाले वातावरणीय सन्तुलन कायम राख्ने, भू-क्षय नियन्त्रणमा सहयोग पुर्‍याउने, जलस्रोत सुरक्षित राख्ने र जैविक विविधता प्रवर्द्धन गर्ने काममा प्रभावकारी योगदान पुर्‍याएको छ।

## राजनीतिकदलद्वारा...

नहटाएको कानुनबमोजिम कारबाही गर्ने, प्रचारप्रसारमा डिजे प्रयोग नगर्ने र सामाजिक सद्भाव कायम गर्नका लागि सबैले आ-आफ्नो ठाउँबाट भूमिका निर्वाह गर्ने सहमति भएको सुनसरीका प्रमुख जिल्ला अधिकारी वासुदेव घिमिरेले जानकारी दिनुभयो।

निर्वाचन शान्तिपूर्ण, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गराउनका लागि सुरक्षाकर्मी तयार रहेको सुनसरीका प्रहरी उपरीक्षक केशव थेबेले जानकारी दिनुभयो। बैठकमा नेपाली कांग्रेसबाट जिल्ला सभापति केदार भण्डारी, नेपाल कम्युनिष्ट पार्टी (एमाले)का सचिव राम कोइराला, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)बाट जिल्ला सभापति सागर दाहाल, जसपाबाट महेन्द्र यादव, जिल्लाका सम्पूण सुरक्षा अधिकारीको सहभागिता रहेको थियो। जिल्लामा निर्वाचनका लागि आवश्यकपर्ने सामग्री आइसकेको जानकारी दिइयो।

निर्वाचनका लागि चाहिने आवश्यक मतपत्रसहित विभिन्न प्रकारका निर्वाचन सामग्री सुनसरी आइपुगेको र सम्बन्धित निर्वाचन क्षेत्रमा पुर्‍याउने कार्यसमेत गरिरहेको प्रजिअ घिमिरेले जानकारी दिनुभयो। सुनसरीमा ४ निर्वाचन क्षेत्रमा १६७ मतदानस्थल रहेको छ।

## विश्व समाचार

### माओवादी विद्रोह अन्त्यको 'अन्तिम चरण'मा भारत

नयाँदिल्ली, ११ फागुन (रासस/एएफपी)।

भारत सरकारले दशकौँदेखि जारी माओवादी सशस्त्र आन्दोलन अब निर्णायक मोडमा पुगेको दाबी गरेको छ। एक वरिष्ठ माओवादी गुरिल्ला कमाण्डरले आत्मसमर्पण गरेपछि केन्द्र र प्रभावित राज्यहरूले विद्रोह अन्त्यतर्फको 'अन्तिम चरण' सुरु भएको बताएका हुन्।

सरकारी अधिकारीहरूका अनुसार छत्तीसगढमा वर्षौंदेखि सक्रिय रहनुभएका देवजी भनेर पनि चिनिने माओवादी कमान्डर थिप्पिरी तिरुपतिले आत्मसमर्पण गर्नुभएको छ। उहाँको आत्मसमर्पणलाई सुरक्षाकर्मीहरूले विद्रोही संरचनामा ठूलो धक्का ठानेका छन्। छत्तीसगढका उप-मुख्यमन्त्री विजय शर्माले आइतबार राति सामाजिक सञ्जालमार्फत सार्वजनिक गर्नुभएको वक्तव्यमा 'यो अन्तिम चरण हो' भन्दै यसलाई सशस्त्र नक्सलवादको पूर्ण उन्मूलनतर्फको शक्तिशाली कदम बताउनुभएको छ।

भारतले माओवादी विद्रोहीविरुद्ध व्यापक सुरक्षा अभियान तीव्र बनाइरहेको छ। हिमालयको फेदमा रहेको एक गाउँको नामबाट परिचित 'नक्सलवादी' आन्दोलन करिब छ दशकअघि सुरु भएको थियो। त्यसयता फैलिँदै गएको यो आन्दोलन सन् २००० को दशकको मध्यतिर चरम अवस्थामा पुगेको थियो। त्यतिबेला १५ हजारदेखि २० हजारसम्म लडाकू सक्रिय रहेको अनुमान गरिएको थियो। त्यतिबेला देशको झन्डै एक तिहाइ भूभागमा विद्रोही प्रभाव देखिन्थ्यो। तर पछिल्ला वर्षहरूमा सुरक्षात्मक कारबाही र आत्मसमर्पणको लहरसँगै आन्दोलन नाटकीय रूपमा कमजोर भएको सरकारी दाबी छ।

विद्रोहका क्रममा १० हजारभन्दा बढी व्यक्तिको ज्यान गएको छ। माओवादीहरूले भने आफूहरू वन क्षेत्रका सीमान्तकृत आदिवासी समुदायको अधिकारका लागि लडिरहेको बताउँदै आएका छन्। ती क्षेत्रहरूमा खानी कम्पनीहरूको चासो र बहुमूल्य प्राकृतिक स्रोतको दोहन मुख्य विवादको विषय रहँदै आएको छ।

सरकारी तथ्याङ्कअनुसार सन् २०२४ यता ५०० भन्दा बढी माओवादी विद्रोही मारिएका छन्, जसमा केही शीर्ष कमाण्डर पनि परेका छन्। आत्मसमर्पण र सुरक्षात्मक कारबाहीलाई तीव्र पार्दै सरकारले मार्च ३१ भित्र विद्रोह अन्त्य गर्ने लक्ष्य सार्वजनिक गरेको छ।

गृहमन्त्री अमित शाहले शनिबारको एक सम्बोधनमा भारत 'मार्च ३१ सम्म माओवाद अन्त्य गर्न तयार' रहेको बताउनुभएको थियो। "फेब्रुअरी अन्त्य हुँदै गइरहेको छ र मैले पहिले भनेको कुरा दोहोर्‍याउँछु- मार्च ३१ सम्ममा हामी यस देशलाई माओवादी समस्याबाट पूर्ण रूपमा मुक्त गर्नेछौं", उहाँले भन्नुभएको थियो। उहाँले विगत तीन वर्षमा हासिल प्रगतिको उल्लेख गर्दै यति जटिल र दीर्घकालीन चुनौती छोटो अवधिमा नियन्त्रणतर्फ उन्मुख हुनु ऐतिहासिक उपलब्धि भएको धारणा व्यक्त गर्नुभएको छ।

सरकारले आत्मसमर्पणलाई निर्णायक मोडको सङ्केतका रूपमा प्रस्तुत गरिरहँदा, विद्रोहको सामाजिक र आर्थिक जडबारे बहस भने अझै कायम छ। यद्यपि आधिकारिक दाबीअनुसार भारत माओवादी आन्दोलनको समापनतर्फ अब अन्तिम चरणमा प्रवेश गरिसकेको छ।

### पुनर्मिलनको पर्खाइमा पाकिस्तानी बङ्गाली

कराची, ११ फागुन (रासस/एएफपी)।

पाकिस्तान र बङ्गलादेशबीच १४ वर्षपछि प्रत्यक्ष उडान पुनः सुरु भएसँगै कराचीका हजारौं बङ्गाली मूलका बासिन्दामा पारिवारिक पुनर्मिलनको आशा जागेको छ। दशकौंदेखि राजनीतिक तनाव र कागजी जटिलताका कारण छुट्टिएका परिवारहरू फेरि भेटिने सम्भावनाले उनीहरू भावुक बनेका छन्।

करिब तीन दशकअघि छोटो भ्रमणका लागि पाकिस्तान आउनुभएका ६० वर्षीय शाह आलम अझै कराचीमै अड्किनुभएको छ। सुक्खा माछा (सिद्रा) बेचेर जीविकोपार्जन गर्दै आउनुभएका उहाँले बङ्गलादेश फर्कने दृढता व्यक्त गर्नुभएको छ। "म जानेछु", उहाँले अश्रुपूर्ण हुँदै भन्नुभयो, "ईद अल-अधा पछि म मेरो छोरासँग अवश्य फर्कनेछु।"

उहाँका आमाबाबु र पहिलो पत्नीको निधन भइसक्दा पनि उहाँ घर फर्कन सक्नुभएको थिएन। बङ्गलादेशमा उहाँको कृषि जमिन र पुर्ख्यौली घर अझै रहेको बताउनुभएको छ।

सन् १९७१ को युद्धअघि एउटै राष्ट्र रहेका पाकिस्तान र बङ्गलादेशबीचको कटु द्वन्द्वपछि लाखौं को ज्यान गएको थियो। त्यसयता पाकिस्तानमा दश लाखभन्दा बढी जातीय बङ्गाली बसोबास गर्दै आएको अनुमान छ। कराचीको माचर कलोनीजस्ता क्षेत्रमा बङ्गाली समुदायको बाक्लो उपस्थिति छ, तर धेरैजना नागरिकता र परिचयपत्र अभावमा राज्यविहीन अवस्थाजस्तै जीवन बिताइरहेका छन्।

बिस वर्षीय हुसेन अहमदले आफू बङ्गलादेश जान चाहेको तर नागरिकता कागजात नभएकाले असमर्थ रहेको बताउनुभयो। "म पाकिस्तानी हुँ तर परिचयपत्र छैन", उहाँले भन्नुभयो। अर्का २२ वर्षीय अहमदले आफ्नो परिवार सन् १९७१ अघि नै पाकिस्तानमा बसोबास गरिरहेको प्रमाणित गर्न नसक्दा सरकारी मान्यता नपाएको गुनासो गर्नुभयो। उहाँहरूका आफन्त बङ्गलादेशमा भए पनि भेटघाट सम्भव भएको छैन।

गत वर्ष पाकिस्तानका विदेशमन्त्री इशाक दारले ढाका भ्रमण गरी बङ्गलादेशका नेतृत्वसँग भेटवार्ता गर्नुभएको थियो। त्यसपछि दुई देशबीचको सम्बन्ध सुधारतर्फ उन्मुख भएको सङ्केत देखिएको छ। हालै निर्वाचित बङ्गलादेशका प्रधानमन्त्री तारिक रहमानको कार्यकालमा पनि कूटनीतिक संवाद निरन्तर रहने अपेक्षा गरिएको छ।

कराचीका स्थानीय राजनीतिज्ञ मुहम्मद रफिकुल हुसेनका अनुसार पाकिस्तानभरि फैलिएका बङ्गाली समुदायले अर्थतन्त्रमा योगदान पुर्‍याउँदै आएका छन्। "यो हाम्रो चौथो पुस्ता हो", उहाँले भन्नुभयो, "सौहार्दपूर्ण सम्बन्धले दुवै देशलाई फाइदा पुर्‍याउनेछ।" तर सामुदायिक कार्यकर्ता हाफिज जैनुलाब्दीन शाहले बङ्गालीहरूले स्थानीय भाषा अपनाउँदै जाँदा आफ्नो सांस्कृतिक पहिचान कमजोर हुँदै गएको टिप्पणी गर्नुभयो।

राजनीतिक उतारचढाव र पहिचानको द्विविधाबीच कराचीका बङ्गालीहरू अहिले एउटा साझा आशामा बाँधिएका छन्—सीमापार उडानसँगै बिछोडिएका परिवार फेरि एक हुने दिन नजिकिएको अनुभूति। "यो सम्बन्ध सदाका लागि कायम रहोस्", शाहले भन्नुभयो, "हामी अभावबीच पनि आशावादी छौं।"

# अति संवेदनशील मतदान केन्द्र लक्षित गर्दै सप्तरीमा सुरक्षा व्यवस्था कडा

**दैनिक समाचारदाता**
**राजविराज, ११ फागुन ।**

आसन्न निर्वाचनलाई लक्षित गर्दै सप्तरीका अति संवेदनशील तथा आइसोलेट मतदान केन्द्रहरुमा सुरक्षा व्यवस्था कडा बनाइएको छ ।

जिल्लाको निर्वाचन क्षेत्र नम्बर १ अन्तर्गत हनुमाननगर कंकालिनी नगरपालिका वडा नं. १३ गोबरगाडा स्थित मतदान केन्द्रलाई केन्द्रमा राख्दै नेपाली सेनाको श्री बरख गणले सुरक्षा व्यवस्थापनलाई उच्च प्राथमिकतामा राखेको हो ।



बरख गणको नेतृत्वमा नियमित एरिया डोमिनेशन पेट्रोल, सुरक्षा निगरानी तथा शसस्त्र प्रहरी बल नेपाल र नेपाल प्रहरीसँग समन्वय गरी संयुक्त गस्ती योजना कार्यान्वयन गरिएको राजविराज स्थित बरखगणका गणपति प्रमुख सेनानी सोवित बहादुर चन्दले जानकारी दिए ।

समन्वयात्मक सुरक्षा पहलमार्फत जनविश्वास अभिवृद्धि गर्ने, निर्वाचनलाई निष्पक्ष, भयरहित, शान्तिपूर्ण र व्यवस्थित रुपमा सम्पन्न गराउने लक्ष्य सहित सुरक्षा निगरानी अगाडी बढाइएको उनले बताए ।

स्थानीय समुदाय तथा सरोकारवाला निकायहरुसँग सहकार्य गर्दै शान्ति सुरक्षा सुदृढ बनाउने कार्य निरन्तर जारी रहने राजविराज स्थित बरखगणले जनाएको छ ।

# पर्सामा सर्वपक्षीय बैठकः दोषीलाई कानुनी दायरामा ल्याउने सहमति

वीरगञ्ज, ११ फागुन (रासस) । पर्सामा सर्वदलीय तथा सर्वपक्षीय बैठकले आइतबार वीरगञ्ज महानगर-११ स्थित श्रीपुरमा भएको घटना तथा सो घटनाबाट सिर्जित घटनाक्रमका दोषी पक्षलाई स्थानीय प्रशासनले कानुनी दायरामा ल्याउने सहमति भएको छ ।

प्रमुख जिल्ला अधिकारी भोला दाहालको अध्यक्षतामा सोमबार जिल्ला प्रशासन कार्यालयमा बसेको बैठकले पीडित पक्षबाट जाहेरी लिई आवश्यक प्रक्रिया यथाशिघ्र सम्पन्न गर्ने र त्यस्ता दोषीलाई कानुनी दायरामा ल्याउन धार्मिक अगुवाहरुले सहजीकरण गर्ने निर्णय भएको छ ।

प्रजिअ दाहालका अनुसार बैठकले व्यक्तिगत घटना/दुर्घटनालाई लिएर धार्मिक तथा सामाजिक सद्भावमा खलल पुग्ने गरी भड्काउने/दुष्प्रचार गर्ने, सामाजिक सञ्जालमा भाइरल बनाउने, घृणा फैलाउने भाषण प्रसारण गर्नेलाई साइबर कानुन तथा प्रचलित कानुन बमोजिम तत्काल कारबाहीको दायरामा ल्याउने निर्णय गरेको छ ।

आगामी दिनमा, धार्मिक, सामाजिक सद्भाव कायम राख्न एवं बैठकमा उपस्थिति सम्पूर्ण नागरिक समाज, राजनीतिक दल, मिडियाकर्मी, धार्मिक तथा सामाजिक एवं सम्पूर्ण जनप्रतिनिधिले आ-आफ्नो संस्था तथा निकायबाट विज्ञप्ति प्रकाशन गर्ने बैठकले निर्णय गरेको छ ।

पर्साका प्रहरी प्रमुख नरेन्द्रराज सुवेदीले दोषीलाई कानुनी दायरामा ल्याउने प्रतिबद्धता व्यक्त गर्नुभयो । बैठकमा सहभागी विभिन्न पार्टीका प्रतिनिधि तथा धार्मिक क्षेत्रका अगुवाको उपस्थिति रहेको थियो ।

# निर्वाचन आचारसंहिता उल्लङ्घन गर्ने ८५ लाई आयोगले सोध्यो स्पष्टीकरण, ५४ वटाको जवाफ

काठमाडौँ, ११ फागुन (रासस) । केन्द्रीय आचारसंहिता अनुगमन समितिमा हालसम्म प्राप्त ८५ उजुरी प्राप्त भई सम्बन्धित राजनीतिक दल तथा उम्मेदवारहरूलाई स्पष्टीकरण सोधिएकामा ५४ वटाको जवाफ प्राप्त भएको निर्वाचन आयोगले जनाएको छ ।

हालसम्म ७९ जनालाई स्पष्टीकरण र छ जनालाई पुनः स्पष्टीकरण सोधिएको आयोगका कानुन अधिकृत मोहनराज जोशीले राससलाई जानकारी दिनुभयो । आयोगले निर्वाचन आचारसंहिता उल्लङ्घन गरेको भनी उजुरी परेका राजनीतिक दल, उम्मेदवार, सरकारी एवं गैरसरकारी संस्था, सञ्चारमाध्यम र पत्रकारलाई पनि स्पष्टीकरण सोधेको हो । दर्ता भएका सञ्चारमाध्यम र त्यहाँ आबद्ध पत्रकारलाई भने प्रेस काउन्सिल नेपालमार्फत स्पष्टीकरणलगायत कारबाहीका लागि लेखी पठाइएको छ ।

निर्वाचन विश्लेषणका नाममा मत सर्वेक्षण गरेर दल र उम्मेदवार विशेष निर्वाचित हुँदै भनी समाचार सामग्री प्रकाशन गर्ने सेतोपाटी अनलाइनलाई पनि प्रेस काउन्सिलमार्फत नै स्पष्टीकरण सोधिएको छ ।

जिल्लास्तरमा समेत निर्वाचन आचारसंहिना उल्लङ्घनविरुद्धका उजुरी प्राप्त भई आवश्यक कारबाही भइरहेको छ । निर्वाचन आचारसंहिताको प्रभावकारी परिपालना गराई उल्लङ्घनका घटनालाई न्यूनीकरण गर्न आयोगले प्राप्त उजुरीमा आवश्यक जाँचबुझ र कारबाहीको प्रक्रिया अघि बढाइरहेको छ । प्राप्त भएका ५४ वटा जवाफको अध्ययन भइरहेको पनि आयोगले जनाएको छ । आचारसंहिताको प्रभावकारी कार्यान्वयनका लागि केन्द्रीय आचारसंहिता अनुगमन समिति, जिल्ला आचारसंहिता अनुगमन समिति, जिल्ला आचारसंहिता अनुमगन अधिकृत तथा सम्बन्धित निर्वाचन कार्यालयहरू क्रियाशील रहेको उहाँले बताउनुभयो ।

जिल्लास्तरमा आचारसंहिता अनुमगनलाई प्रभावकारी बनाई कार्यान्वयन सुनिश्चिततताका लागि निर्वाचन आचारसंहिता, २०८२ को दफा ३२ बमोजिम ७७ वटै जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारीलाई आर्थिक बाहेकका अन्य विषयमा र प्रमुख कोष नियन्त्रक/कोप नियन्त्रकलाई आर्थिक विषयमा अनुगमन गर्न आचारसंहिता अनुगमन अधिकृत तोकिएको छ । छोटो समयमै सबै जिल्लामा सरोकारवालाहरूलाई आचारसंहिताबारे जानकारी गराउने र आचारसंहिता पालना गर्नेप्रतिबद्धता गराउने कार्य प्रभावकारी रूपमा भइरहेको आयोगले जनाएको छ ।

जिल्लास्तरमा आएका उजुरीका सम्बन्धमा जिल्लाबाटै स्पष्टीकरण सोधी जवाफ माग गरेर दोषी देखिएकालाई कानुनी कारबाहीको प्रक्रिया अघि बढाइएको पनि जनाइएको छ ।

# एमाले शान्तिपूर्ण राजनीति र स्थायित्वको पक्षमा छ : अध्यक्ष ओली

झापा, ११ फागुन (रासस) । नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले आफू नेतृत्वको पार्टी शान्तिपूर्ण राजनीति र स्थायित्वको पक्षमा रहेको बताउनुभएको छ ।

दमकमा सोमबार आयोजित कार्यक्रममा उहाँले नेसनल भोलेण्टियर फोर्स चुनावका लागि मात्रै नभई दीर्घकालीन रूपमा राष्ट्रको सुरक्षाका लागि गठन गरिएको बताउनुभयो ।

अध्यक्ष ओलीले आन्दोलनको नाममा विगतमा जस्तो देश जलाउन र प्रहरीको हतियार खोस्न अब कसैले नसक्ने दाबी गर्नुभयो । नेसनल भोलेण्टियर फोर्स राष्ट्रको पक्षमा समर्पित हुने र प्रहरी प्रशासनलाई सहयोग गर्ने उहाँको भनाइ छ ।

अध्यक्ष ओलीले एमाले शान्तिपूर्ण निर्वाचनको पक्षमा दृढ रहेको बताउँदै मतदाताले स्वतन्त्र रूपमा मतदान गर्न पाउनुपर्नेमा जोड दिनुभयो । नेकपा (एमाले) ले कोशी प्रदेशस्तरीय नेशनल युथ फोर्स गठन गरेको उहाँको भनाइ छ । उहाँले चुनावी सभालाई सम्बोधन गर्दै देशभरका जिल्लाका सदरमुकाम सडक सञ्जालमा जोडिसकेको बताउनुभयो ।

कोशी प्रदेशको ताप्लेजुङबाट ओलचुङ्गोलसम्मको सडक खोलिएको र कालोपत्रे हुँदै गइरहेको बताउँदै अध्यक्ष ओलीले भन्नुभयो, "हाम्रो काम भनेको विकास गर्ने हो, यस ठाउँबाट मात्र होइन हरेक स्थानमा पुल बाटा बनाइएको र कृषिलाई आधुनिकरण गरिएको छ ।"

# सिन्धुलीमा रहेको हिमालयन फुड कम्पनीमा कामदारबीच झडप, सात घाइते

सिन्धुली, ११ फागुन (रासस) । सिन्धुलीको मरिण गाउँपालिका-४ सहानमा रहेको हिमालयन फुड कम्पनीमा काम गर्ने नेपाली र चिनियाँ कामदारबीच झडप हुँदा सात जना घाइते भएका छन् ।

घाइते हुनेमा दुई जना नेपाली र पाँच जना चिनियाँ कामदार छन् । जिल्लाकै मरिण गाउँपालिका-६ धमिलेका ३० वर्षीय नवराज बम्जनको दायाँ आँखा र दायाँ खुट्टामा चोट लागेको छ । उदयपुरको कटारी नगरपालिका-१२ बस्ने २२ वर्षीय गोर्कण कटुवालको टाउकोमा चोट लागेको जिल्ला प्रहरी कार्यालय, सिन्धुलीका प्रहरी नायब उपरीक्षक सूर्यप्रकाश सुवेदीले जानकारी दिनुभयो ।

उहाँका अनुसार हिमालयन फुड कम्पनीमा कार्यरत चिनियाँ नागरिकहरू ३८ वर्षीय नागरिक मिस्टर याङ, ४५ वर्षीय याङ हाईबो वाया, ४० वर्षीय छ्याङ छोङ, ४६ वर्षीय चुजेन र ३१ वर्षीय लेउसेन्सी घाइते छन् । उनीहरूको कान, टाउको, हात, छाति, मुखमा चोट लागेको र हाल मरिणकै प्राथमिक स्वास्थ्य केन्द्र, कपिलाकोटमा उपचार भइरहेको प्रहरी नायब उपरीक्षक सुवेदीले बताउनुभयो ।

मरिण गाउँपालिका-६ धमिलेका ३० वर्षीय नवराज बम्जनलाई कामबाट निकालेको विषयलाई लिएर विवाद सुरु भएको थियो । सिन्धुली प्रहरीले घटनाको थप अनुसन्धान भइरहेको बताएको छ ।

# गृहमन्त्री अर्यालसँग संयुक्त राष्ट्रसङ्घ, नेपालका आवासीय संयोजकको भेट

काठमाडौँ, ११ फागुन (रासस) । गृहमन्त्री ओमप्रकाश अर्यालसँग संयुक्त राष्ट्रसङ्घ, नेपालका आवासीय संयोजक लिला पिटर्स याहियाले शिष्टाचार भेट गर्नुभएको छ ।

गृह मन्त्रालयमा सोमबार भएको भेटमा मन्त्री अर्यालले संयुक्त राष्ट्रसङ्घले शासकीय सुधार, जलवायु परिवर्तन र स्थानीय तहहरूको क्षमता वृद्धिलगायत क्षेत्रमा नेपाललाई पुऱ्याउँदै आएको सहयोगका लागि धन्यवाद व्यक्त गर्नुभयो । साथै उहाँले संयुक्त राष्ट्रसङ्घसँगको सहकार्यमा अगामी दिनमा थप प्रगाढ हुने विश्वास व्यक्त गर्नुभयो ।

भेटमा गृहमन्त्री अर्यालले फागुन २१ गतेको प्रतिनिधिसभा सदस्यको निर्वाचनमा शान्तिसुरक्षा कायम गरी भयरहित वातावरणमा निष्पक्ष निर्वाचन सम्पन्न गरी लोकतन्त्रलाई संस्थागत गर्ने कार्य सरकारले तीव्र रूपमा काम गरिरहेको बताउनुभयो ।

सूचना ! सूचना !! सूचना !!!

इम्प्याक्ट नेपाल प्राथमिक कान उपचार केन्द्र, राजविराजले सम्पूर्ण उपचार सेवाहरू यही मिति २०८२।१०।१२ (26-01-2026) गतेदेखि गीता पेट्रोल पम्प अगाडीको आफ्नै नयाँ भवन इम्प्याक्ट नेपाल ठाको देवी जोगेन्द्र भगत कान उपचार केन्द्र राजविराजबाट अति अत्याधुनिक प्रविधिबाट सुविधा सहित सम्पूर्ण सेवाहरू उपलब्ध गराउने भएको सहर्ष जानकारी गराउँदछौं।

हाम्रो सेवाहरू:
१. दैनिक कान जाँच तथा उपचार
२. विभिन्न आधुनिक मेसिनबाट कानको परिक्षण (PTA, Tympanogram, EUM)
३. कानको सुन्ने मेसिन (Hearing Aid)
४. इन्डोस्कोपी (Endoscopy)
५. कानको शल्यक्रिया (Operation)
६. फार्मेसी सेवा



सम्पर्क : ०३१-५९०००५
९८०४७४२२८०, ९८४२२७०७२४

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर,
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com,* **वेवसाइट** *: rajbirajdainik.com.np*